गौरादह नगरपालिका
# १ नं. वडा कार्यालय
गौरादह, झापा
कोशी प्रदेश, नेपाल
Email: ward1.gauradaha@gmail.com

प.सं. २०८२/०८३
च.नं.

**प्रथम पटक प्रकाशित** मिति: २०८३/०३/२२

## शिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी ७ दिने सूचना ।

यस गौरादह नगरपालिका वडा नं.१ मा रहेको टिकघारीको सार्वजनिक जग्गाहरूमा लगाइएको नौ थान टिकका रूखहरू मिति: २०८३/०२/१२ मा रातको समयमा आएको हावा हुण्डरीबाट भाँचिएको हुँदा उक्त भाँचिएका टिकका रुखहरूको लिलाम बिक्री गर्नुपर्ने भएको हुँदा उक्त रुखहरू खरिद गर्न इच्छुक व्यक्ती वा फर्मले तपसिलका सर्तहरूको अधीनमा रही यस वडा कार्यालयमा सिलबन्दी दरभाउ पत्र पेस गर्नुहुन आह्वान गरिन्छ ।

**तपसिल:**

१. नौ थान टिकका रूख खरिद गर्न एकमुष्ट न्यूनतम रकम रु. ४,०५,०००/- (अक्षरेपी चार लाख पाँच हजार रुपैयाँ मात्र) बाट नघट्ने गरी मिति: २०८३/०३/२९ गते कार्यालय समयभित्र बेलुका ५:०० बजेसम्म सिलबन्दी दरभाउपत्र पेस गर्नुपर्नेछ ।

२. सिलबन्दी दरभाउपत्रसहित व्यक्तिको हकमा नेपाली नागरिकताको प्रतिलिपि तथा फर्मको हकमा स्थानीय तह र आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको प्रमाणपत्र तथा सोको कर चुक्ता प्रमाणपत्र पेस गर्नुपर्नेछ ।

३. सिलबन्दी दरभाउपत्रमा कबोल रकम अङ्क र अक्षर दुवैमा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।

४. मिति: २०८३/०३/३० गते मङ्गलबार दिउँसो १:०० बजे वडा कार्यालयमा जनप्रतिनिधि, कर्मचारी तथा बोलपत्र पेस गर्ने व्यक्ति वा प्रतिनिधिको रोहवरमा सिलबन्दी दरभाउपत्र खोलिनेछ ।

५. अधिकतम मूल्य कबोल गर्ने एक मात्र व्यक्ति वा फर्मको बोलपत्र स्वीकृत गरिनेछ । बोलपत्र स्वीकृत भएपछि कबोल गरेको २५% रकम सोही दिन बेलुका ४:०० बजाभित्र दाखिला गरी सम्झौता गर्नुपर्नेछ ।

६. रूख काट्नु अघि बाँकी रहेको ७५% रकम दाखिला गर्नुपर्नेछ। साथै, सम्झौता भएको ७ दिनभित्र रूख काटी लगिसक्नुपर्नेछ ।

७. सिलबन्दी दरभाउपत्रको फारम यसै वडा कार्यालयबाट प्राप्त हुनेछ, फारम शुल्क रु.१००/– लाग्नेछ ।

८. रूख कटान, ढुवानीलगायतका सम्पूर्ण खर्च खरिदकर्ताले व्यहोर्नुपर्नेछ ।

९. रीत नपुगेका तथा म्याद नाघी प्राप्त भएका बोलपत्र दर्ता गरिने छैनन् ।

नगेन्द्र भण्डारी
वडा अध्यक्ष